जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक ६२ • २०८३ साल साउन ५ गते मंगलबार (21 July, Tuesday, 2026) • पृष्ठ ४ • मूल्य रु. ५।-

## 'हामी प्रतिपक्षमा बस्न तयार छौं'



**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसका उपसभापति विश्वप्रकाश शर्माले प्रदेश सरकार सञ्चालनका विषयमा सत्ता साझेदार दलहरूबीच केही समस्या रहेको भन्दै प्रदेशमा प्रतिपक्षमा बस्न तयार रहेको बताएका छन् ।

बीपी स्मृति दिवसका सन्दर्भमा आयोजित पत्रकार सम्मेलनमा उनले प्रदेश सरकारबारे सार्वजनिक टिप्पणी भन्दा आन्तरिक संवाद र अभ्यास जारी रहेको समेत बताएका छन् । आवश्यक परे नेपाली कांग्रेस प्रतिपक्षमा बस्न पनि तयार रहेको उनले प्रस्ट्याए ।

उपसभापति शर्माले कुनै पनि प्रदेश सभा प्रतिपक्षविहीन बन्न नहुने धारणा व्यक्त गर्दै संविधानको मूल मर्मलाई जोगाउनुपर्नेमा जोड दिए ।

उपसभापति शर्माले भने, 'कुनै पनि प्रदेश सभा प्रतिपक्षविहीन बन्नु हुँदैन । वर्तमान संविधान निर्माण गर्दैगर्दा महत्वपूर्ण भूमिका निर्वाह गरेका दलहरूले आजको प्रतिकूल परिस्थितिमा संविधान संशोधनको छलफल पनि चलिरहेको बेलामा त्यसको मूल मर्मलाई भंग गर्न मिल्दैन । प्रदेशगत सरकारहरूको सन्दर्भमा उब्जिएका प्रश्नहरूको समस्याको एउटा चुरो त्यहीँसँग सम्बन्धित छ । आवश्यक परेको खण्डमा कांग्रेस प्रतिपक्षमा बस्न पनि तत्पर हुन्छ ।'

### साउनको पहिलो सोमबारी

# जनकपुरधामसहित देशभरका शिवालयमा भक्तजनको अत्यधिक भीड

**टुडे समाचारदाता**

जनकपुरधाम । हिन्दू धर्मावलम्बीका लागि विशेष महत्व बोकेको साउन महिनाको पहिलो सोमबार जनकपुरधाम तथा धनुषाका मुख्य शिवालयहरूमा सोमबार बिहानैदेखि श्रद्धालु भक्तजनको उल्लेख्य भीड लागेको छ ।

बिहान सबेरैदेखि परेको साउने झरीको कुनै प्रवाह नगरी हजारौँ भक्तजन भगवान् शिवको दर्शन, जलाभिषेक तथा पूजा-आराधनाका लागि मन्दिर पुगेका छन् । जनकपुरधामका सडक, गल्ली र मन्दिर परिसर बिहानैदेखि 'बोल बम', 'हर हर महादेव' र शिवभजनले गुञ्जायमान बनेका छन् ।

जनकपुरधामस्थित ऐतिहासिक कपिलेश्वरनाथ महादेव मन्दिर, कुपेश्वर महादेव मन्दिर, शिव मन्दिर तथा क्षीरेश्वरनाथ नगरपालिकास्थित क्षीरेश्वरनाथ मन्दिरलगायत मुख्य शिवालयहरू बिहान ३ बजेदेखि नै श्रद्धालुका लागि खुला गरिएको थियो । मन्दिर खुल्नुअघि नै सयौँ भक्तजन लामबद्ध भएर दर्शनको प्रतीक्षामा बसेका थिए भने बिहान उज्यालो हुनुअघि नै शुरु भएको दर्शनको क्रम दिनभर जारी रहने अपेक्षा गरिएको छ ।

साउन महिनाभर विशेषगरी सोमबार भगवान् शिवको पूजा-आराधना गर्दा मनोकांक्षा पूरा हुने धार्मिक विश्वासका कारण धनुषासहित महोत्तरी, सिरहा, सप्तरी, सर्लाही, रौतहटलगायत मधेशका विभिन्न जिल्लाबाट ठूलो संख्यामा श्रद्धालु जनकपुरधाम पुगेका छन् । भक्तजनले पवित्र जल, दूध, बेलपत्र, धतुरो, अक्षता, फूल तथा प्रसाद चढाएर शिवको विशेष पूजा गरेका छन् ।

व्रत बसेका महिला, पुरुष, युवायुवती, ज्येष्ठ नागरिक तथा बालबालिकाको उल्लेख्य उपस्थिति शिवालयहरूमा देखिएको छ । कतिपय भक्तजनले बिहानैदेखि निराहार व्रत बसेर भगवान् शिवको आराधना गरेका छन् भने बोलबम



यात्राबाट फर्किएका काँवरियाले शिवलिंगमा जल अर्पण गरेका छन् । मन्दिर परिसरमा शिवभजन, मन्त्रपाठ र आरतीले सम्पूर्ण वातावरण भक्तिमय बनेको छ ।

श्रद्धालुहरूको सहज, सुरक्षित र व्यवस्थित दर्शनका लागि मन्दिर व्यवस्थापन समितिले विशेष तयारी गरेको जनाएको छ । दर्शनार्थीको प्रवेश र बाहिरिने छुट्टाछुट्टै व्यवस्था, लाम व्यवस्थापन, खानेपानी, सरसफाइ तथा प्राथमिक उपचारलगायत आवश्यक सेवा उपलब्ध गराइएको छ । सम्भावित भीडलाई व्यवस्थित गर्न नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, ट्राफिक प्रहरी तथा स्थानीय स्वयंसेवक परिचालन गरिएको छ । मन्दिर परिसर र आसपासको क्षेत्रमा सुरक्षा व्यवस्था पनि कडा पारिएको छ ।

यद्यपि जनकपुरधाम उपमहानगरपालिकाले शिवालय वरपरको सरसफाइ तथा व्यवस्थापनमा अपेक्षित सक्रियता नदेखाएको स्थानीयको गुनासो छ । त्यसका बाबजुद स्थानीय युवा क्लब, सामाजिक संस्था तथा स्थानीयवासीले मन्दिर परिसरको सरसफाइ, सडक व्यवस्थापन र भक्तजनको आवतजावत सहज बनाउन सक्रिय भूमिका निर्वाह गरेका छन् । भीडका कारण कुनै अप्रिय घटना हुन नदिन जिल्ला प्रहरी कार्यालय धनुषाले पनि आवश्यक सुरक्षा व्यवस्था मिलाएको जनाएको छ ।

हिन्दू धर्मशास्त्र अनुसार साउन महिना भगवान् शिवको प्रिय महिना मानिन्छ । यस महिनाको प्रत्येक सोमबार व्रत बसेर शिवको पूजा-आराधना गर्दा मनोकामना पूरा हुने धार्मिक विश्वास रहिआएको छ । विशेषगरी अविवाहित महिलाले आफूले इच्छाएको योग्य जीवनसाथी प्राप्त होस् भन्ने कामनासहित सोमबारी व्रत बस्ने, शिवालयमा जल चढाउने तथा विशेष पूजा गर्ने धार्मिक परम्परा छ । त्यस्तै विवाहित महिलाले पति तथा परिवारको दीर्घायु, सुख, शान्ति र समृद्धिको कामना गर्दै व्रत बस्ने गर्छन् ।

पछिल्ला केही वर्षयता भने सोमबारी व्रतमा पुरुषहरूको सहभागिता पनि उल्लेखनीय रूपमा बढ्दै गएको छ । राम्रो स्वास्थ्य, सफल करियर, पारिवारिक सुख-समृद्धि, वैवाहिक जीवनको स्थायित्व तथा मनोकांक्षा पूरा हुने धार्मिक विश्वासका साथ युवादेखि ज्येष्ठ नागरिकसम्मका पुरुषहरूले पनि सोमबारी व्रत बस्ने र शिवालयमा नियमित पूजा-आराधना गर्ने क्रम बढेको छ । यसले साउन सोमबारको धार्मिक अभ्यास महिलामा मात्र सीमित नरही सबै उमेर र वर्गका श्रद्धालुको साझा आस्थाको पर्वका रूपमा विकसित हुँदै गएको देखिएको छ ।

यसैबीच, देशकै प्रमुख धार्मिकस्थल काठमाण्डुस्थित पशुपतिनाथ मन्दिरमा पनि बिहान ३ बजेदेखि चारैवटा ढोका खोलेर दर्शनको व्यवस्था गरिएको छ। पशुपति क्षेत्र विकास कोषले लाखौँ श्रद्धालुलाई सहज, सुरक्षित र मर्यादित वातावरणमा दर्शन गराउने गरी विशेष व्यवस्था मिलाएको जनाएको छ । पशुपतिनाथसँगै गोकर्णेश्वर, नागेश्वर, डोलेश्वर, मक्खन महादेवलगायत राजधानीका मुख्य शिवालयमा पनि श्रद्धालुको उल्लेख्य भीड लागेको छ ।

साउनको पहिलो सोमबार जनकपुरधामसहित देशभरका शिवालयमा देखिएको भक्तजनको उत्साहले धार्मिक आस्था, सांस्कृतिक परम्परा र सामाजिक सद्भावलाई थप सुदृढ बनाएको छ । श्रद्धा, भक्ति र अनुशासनका साथ भगवान् शिवको आराधनामा सहभागी भएका हजारौँ भक्तजनको उपस्थितिले जनकपुरधाम सोमबार दिनभर धार्मिक उत्सवमय बनेको स्थानीय भक्तजन रोशन यादवले बताए ।

# सीजेपीको मार्चमा प्रहरीद्वारा अश्रुग्यास र लाठी प्रहार

**टुडे समाचारदाता**

जनकपुरधाम । भारतीय संसद्को मनसुन सत्रको पहिलो दिन सोमबार राजधानी नयाँ दिल्लीमा मेडिकल प्रवेश परीक्षा एनइइटीमा भएको भनिएको अनियमितताको विरोधमा आयोजित 'संसद् चलो' मार्चका क्रममा तनावपूर्ण अवस्था सिर्जना भारतीय सञ्चारमाध्यमहरुले जनाएको छ । प्रदर्शनकारीहरूलाई संसद् भवनतर्फ अघि बढ्न नदिन सुरक्षा बलले अश्रुग्यास प्रहार गर्नुका साथै लाठीचार्ज गरेको छ ।

प्रहरी प्रशासनले प्रदर्शनका लागि अनुमति नदिए पनि 'कक्रोच जनता पार्टी (सीजेपी)' को आह्वानमा हजारौँ युवा तथा समर्थकहरू जन्तरमन्तर क्षेत्रमा भेला भएका थिए । उनीहरूले एनइइटी परीक्षामा भएको भनिएको धाँधलीको निष्पक्ष छानबिन गर्न, दोषीमाथि कडा कारबाही गर्न तथा केन्द्रीय शिक्षा मन्त्री धर्मेन्द्र प्रधानले नैतिक जिम्मेवारी लिँदै राजीनामा दिनुपर्ने माग गरेका थिए ।

प्रदर्शनकारीहरूले संसद् भवनतर्फ अघि बढ्ने क्रममा विभिन्न स्थानमा राखिएका प्रहरीका ब्यारिकेड तोड्ने प्रयास गरेका थिए । त्यसपछि स्थिति नियन्त्रणबाहिर जान थालेपछि सुरक्षाकर्मीहरूले प्रदर्शनकारीहरूलाई रोक्न



गरेका छन् ।

मनसुन सत्रको पहिलो दिन भएकाले संसद् भवन, विजय चौक, जन्तरमन्तर तथा मध्य दिल्लीका संवेदनशील क्षेत्रमा ठूलो संख्यामा प्रहरी, अर्धसैनिक बल तथा दंगा नियन्त्रण टोली परिचालन गरिएको थियो । प्रदर्शन थप उग्र बन्न सक्ने सम्भावनालाई मध्यनजर गर्दै प्रशासनले मध्य दिल्लीका केही क्षेत्रमा मोबाइल इन्टरनेट सेवा अस्थायी रूपमा बन्द गरेको थियो । यस कदमले अफवाह फैलिन नदिन र सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन सहयोग पुग्ने प्रशासनको विश्वास रहेको छ ।

> प्रहरी प्रशासनले प्रदर्शनका लागि अनुमति नदिए पनि "कक्रोच जनता पार्टी (सीजेपी)" को आह्वानमा हजारौँ युवा तथा समर्थकहरु जन्तरमन्तर क्षेत्रमा भेला भएका थिए । उनीहरुले एनइइटी परीक्षामा भएको भनिएको धाँधलीको निष्पक्ष छानबिन गर्न, दोषीमाथि कडा कारबाही गर्न तथा केन्द्रीय शिक्षा मन्त्री धर्मेन्द्र प्रधानले नैतिक जिम्मेवारी लिँदै राजीनामा दिनुपर्ने माग गरेका थिए ।

अश्रुग्यास प्रहार गरेका थिए । केही स्थानमा लाठीचार्ज समेत गरिएको थियो ।

झडपका क्रममा केही प्रदर्शनकारी र प्रहरी अधिकारीहरू सामान्य घाइते भएका छन् । घाइतेहरूको घटनास्थलमै प्राथमिक उपचार गरिएको जनाइएको छ भने केहीलाई थप उपचारका लागि नजिकैका अस्पतालमा लगिएको थियो । प्रहरीले केही प्रदर्शनकारीलाई नियन्त्रणमा समेत लिएको भारतीय सञ्चारमाध्यमहरूले उल्लेख

प्रदर्शनका कारण दिल्ली मेट्रोका पाँच प्रमुख स्टेशन–राजीव चोक, जनपथ, पटेल चोक, केन्द्रीय सचिवालय र सेवा तीर्थ– केही समयका लागि सर्वसाधारणका लागि बन्द गरिएका थिए । स्टेशनहरू बन्द हुँदा सयौं यात्रुहरू अलपत्र परेका थिए भने धेरैले वैकल्पिक मार्ग प्रयोग गर्न बाध्य भएका थिए ।

विशेषगरी दिल्लीको सबैभन्दा व्यस्त इन्टरचेन्ज स्टेशन राजीव चोकमा यात्रुहरूको अत्यधिक भीड देखिएको थियो । यात्रुहरूले लामो समयसम्म प्रतीक्षा गर्नुपरेको थियो भने सार्वजनिक यातायातमा पनि चाप बढेको थियो। ट्राफिक व्यवस्थापनका लागि राजधानीका विभिन्न सडकमा सवारी आवागमनसमेत आंशिक रूपमा डाइभर्ट गरिएको थियो ।


प्रदर्शनको नेतृत्व गरिरहेको कक्रोच जनता पार्टी (सीजेपी) ले आफ्ना समर्थकहरूलाई संयमित रहन आग्रह गरेको छ । पार्टीले जारी गरेको सन्देशमा आन्दोलन शान्तिपूर्ण रूपमा सञ्चालन गरिने बताउँदै हिंसात्मक गतिविधिबाट टाढा रहन कार्यकर्ताहरूलाई निर्देशन दिएको छ ।

पार्टीका नेताहरूले शान्ति, लोकतान्त्रिक अधिकार र अहिंसात्मक आन्दोलनकै माध्यमबाट आफ्ना माग पूरा गरिने विश्वास व्यक्त गरेका छन् । यसका साथै, सरकारसंग वार्तामार्फत समाधान खोज्न आफूहरू तयार रहेको पनि बताएका छन् ।

एनइइटी परीक्षा विवादलाई लिएर विपक्षी दलहरूले यसअघि नै सरकारको आलोचना गर्दै आएका छन् । मनसुन सत्रको पहिलो दिनदेखि नै यो विषय संसद्मा जोडदार रूपमा उठ्ने अनुमान गरिएको छ । विपक्षी सांसदहरूले परीक्षा प्रणालीको विश्वसनीयता, युवाहरूको भविष्य र शिक्षा प्रणालीमा देखिएको कमजोरीबारे सरकारसँग जवाफ माग्ने तयारी गरेका छन् ।

सरकारले भने परीक्षा प्रणालीलाई थप पारदर्शी र विश्वसनीय बनाउन आवश्यक सुधारका कदम चालिरहेको जनाएको छ । यद्यपि, आन्दोलनरत पक्षले आफ्ना माग पूरा नभएसम्म आन्दोलन जारी रहने चेतावनी दिएको छ ।





अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

### कांग्रेसको आन्तरिक समस्या

देशको सबै भन्दा पुरानो लोकतान्त्रिक पार्टी नेपाली कांग्रेसको बढ्दो आन्तरिक समस्याले विभाजन हुने सम्भावना बढेको छ ।कांग्रेसको संस्थापन र इतर पक्ष आ-आफ्नो अडान छाड्न तयार नदेखिएपछि पार्टी विभाजन तर्फ उन्मुख भएको छ ।संस्थापन पक्ष र इतर पक्षबीच धेरै विषयमा विवाद नरहे पनि केही गंभीर विषय देखिएको छ ।इतर पक्षले राखेको पाँच बुंदे शर्तलाई संस्थापन पक्ष मान्न तयार देखिएको छैन् ।संस्थापन पक्ष अब निवर्तमान सभापति शेरबहादुर देउवा पक्षसित संवाद गर्न समेत लचिलो छैन् ।देउवा पक्षले राखेको शर्तलाई बेवास्तागर्दै संस्थापन पक्ष महाधिवेशनको तयारीमा जुटेको छ ।देशमा राजनीतिक परिस्थिति कांग्रेसको अनुकूल नरहे पनि इतर पक्षले एकताको प्रयास भन्दा राष्ट्रिय कार्यकर्ता भेला बोलाउने तयारी गरेको छ ।राष्ट्रिय कार्यकर्ता भेलापछि इतर पक्षले नयाँ दलको घोषणा गर्ने प्रबल सम्भावना छ ।देउवा समूहले सातवटै प्रदेशमा कार्यकर्ता भेला गरिसकेको छ ।अब अन्तिम चरणमा राष्ट्रिय कार्यकर्ता भेलाको आयोजना गरी नयाँ पार्टीको घोषणा गर्न देउवा पक्ष अगाडि बढेको छ ।हुन त देउवाका खास मानिने कयौं नेताहरुले साथ छाडिसकेका छन् ।अहिले देउवा समूहमा पुराना नेताहरुको संख्या अत्यधिक रहेको छ ।कार्यकर्ताको संख्या एकदम कम रहेकोछ ।संस्थापन पक्षमा युवा पुस्ताको बाहुल्यता छ ।देउवा पक्षले नयाँ पार्टीको घोषणा गरी अगाडि बढ्न थालेको छ ।त्यसलाई संस्थापन पक्षले अब बेवास्ता गर्न थालेको छ ।दुई पक्षबीच केही समयदेखि संवाद समेत रोकिएको छ ।देउवा समूह निरन्तर बैठक र छलफलमा जुटेको छ ।उनीहरुले अब एउटै पार्टीमा रहने सम्भावना समाप्त हुन लागेको सार्वजनिक रुपमा नै बताउन थालेका छन् ।यस समबन्धमा संस्थापन पक्ष मौन छ ।संस्थापन पक्षले महाधिवेशनका लागि क्रियाशील सदस्यहरुको सदस्यता अद्यावधिक गर्ने कार्य सम्पन्न गरिसकेको छ ।त्यसमा संस्थापन इतर पक्ष सहभागि भएको छैन् ।यसलेपनि महाधिवेशनमा देउवा पक्ष सहभागी नहुने निश्चित प्राय देखिन्छ ।कांग्रेस पार्टीलाई विगतमा विभाजन गरेका देउवा समूह अहिले पनि सक्रिय छ ।तत्कालीन समयमा विभाजनका लागि देउवाको साथ दिने नेताहरु अहिले पनि विभाजनको प्रक्रियामा अगाडि देखिएका छन् ।उनीहरुले अलग पार्टी बनाए कांग्रेसलाई स्वाभाविक रुपमा ठूलो क्षति हुनेछ ।पार्टी विभाजनलाई जोगाउन कांग्रेस निकटका स्वतन्त्र व्यक्तिहरु पनि चासो लिइरहेका छैनन् ।दुबै पक्षबीच मध्यस्तता गरेर पार्टीलाई एकीकृत नै राख्न पहल गर्न आवश्यक छ ।तर कांग्रेसको दुबै पक्षको अडानले उनीहरु पनि अगाडि बढ्न चाहेका छैनन् ।देशमा कांग्रेस फुट्दा लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थालाई ठूलो हानी हुन सक्छ ।यस तर्फ लोकतान्त्रिक पक्षधर कांग्रेसका हिमायतीहरुले सक्रियता देखाउन आवश्यक भएको छ ।

# यस्तो लाग्छ– सिंहदरबारमा एउटा अदृश्य स्वीच छ, जसले बजारको दिशा नियन्त्रण गर्छ



● नरेन्द्रराज सिजापति

नेपालको वित्तीय-राजनीतिक बहसमा एउटा कथन स्थापित छ– सरकार परिवर्तन हुँदा सेयर बजार बढ्छ । त्यस्तै, नेपाल स्टक एक्सचेन्जको सूचक हरियो हुँदा सिंहदरबारले जस पाउँछ भने रातो हुँदा अपजस । बजारमा राजनीति घुसेसँगै दलहरूबीच दोषारोपण गर्ने प्रवृत्ति बढेको छ । यो समस्याले लगानीकर्तादेखि राजनीतिक नेतृत्वसम्मलाई गाँजेको छ । यस्तो लाग्छ, सिंहदरबारमा एउटा अदृश्य स्विच छ, जसले बजारको दिशा नियन्त्रण गर्छ ।

**बजारको स्वायत्तता- सूचना, अपेक्षा र मूल्य निर्धारण**

वित्तीय अर्थशास्त्र र कानुनी शासनको दृष्टिबाट यो धारणालाई गम्भीर आर्थिक भ्रम भनिन्छ। कुनै सार्वभौम सरकारसँग सेयर बजारलाई आफ्नो इच्छा अनुसार बढाउने वा घटाउने जादुयी क्षमता हुँदैन ।

यो प्रश्नको गहिरो परीक्षण गर्न आर्थिक सिद्धान्त, नीतिगत सीमा, ऐतिहासिक प्रमाण, व्यावहारिक वित्त र नेपालको विशिष्ट संरचनागत यथार्थबीचको अन्तर्सम्बन्ध बुझ्न आवश्यक छ ।

आधुनिक वित्तीय अर्थशास्त्रले सेयर बजारलाई सरकारको नियन्त्रणमा रहने संस्था मान्दैन। सेयर बजारलाई स्वायत्त, सूचना-संवेदनशील र जटिल प्रणालीका रूपमा हेर्छ ।

सेयर बजार पूँजीको मूल्य निर्धारण गर्ने संस्था, भविष्यका अपेक्षाहरूको दर्पण र जोखिमको मूल्यांकन गर्ने प्रणाली हो ।

नोबेल पुरस्कार विजेता युजिन फामा भन्छन्, 'बजारमा उपलब्ध सबै सार्वजनिक सूचना, आर्थिक परिदृश्य र भविष्यका सम्भावनाहरू तत्काल सेयर मूल्यमा समाहित हुन्छन् ।'

माग र आपूर्तिको अदृश्य शक्तिले मूल्य निर्देशित हुन्छ, आदेश वा घोषणाले होइन भनेर एडम स्मिथ भन्छन्। किनभने सरकारले कम्पनीको नाफा, उपभोक्ताको क्रयशक्ति वा वित्तीय चक्रलाई कृत्रिम रूपमा परिवर्तन गर्न सक्दैन । नेपालमा नेप्सेको उतारचढाव प्रायः बजारमा कति पुँजी उपलब्ध हुन सक्छ भन्ने तरलता चक्रमा आधारित छ, तर दीर्घकालीन दिशा भने कम्पनीको सुशासन, आर्थिक उत्पादकत्व र लगानीकर्ताको विश्वासले निर्धारण गर्छ । 'सरकारले बजार बढाइदिनुपर्छ' भन्ने अपेक्षा सैद्धान्तिक विचलन हो, जसले बजारको स्वायत्तता नकार्छ ।

**हस्तक्षेपको ऐतिहासिक असफलता**

विश्व इतिहासमा सेयर बजारमा सरकारको प्रत्यक्ष हस्तक्षेपको असर कस्तो हुन गयो, केही उदाहरण हेरौं । यदि राज्यले बजार सूचक नियन्त्रण गर्न सक्ने भए, आर्थिक महामन्दीहरू कहिल्यै हुन्थेनन् होला ।

जापानको बजार 'निक्की' को गिरावट रोक्न सरकार र बैंकले अर्बौं डलरको तरलता र न्यून ब्याजदर प्रयोग गरे। तर संरचनागत समस्या र जनसंख्या चुनौतीले बजार दशकौंसम्म सुस्त रह्यो ।

अमेरिकामा पनि सन् २००८ को संकटमा त्यहाँको केन्द्रीय बैंक 'फेड' को अभूतपूर्व हस्तक्षेपले पनि बजारको पतन रोक्न सकेन । बजारले आफ्नो प्राकृतिक तल्लो बिन्दु भेटेपछि मात्र पुनरूत्थान सुरू भयो ।

सन् २०१५ मा चिनियाँ सेयर बजारको ठूलो गिरावट हुँदा सांघाई कम्पोजिट इन्डेक्स करिब ३० प्रतिशतले घटेपछि सरकारले बजारलाई ओरालो लाग्नबाट जोगाउन 'नेसनल टिम' लाई अर्बौं डलर दिएर सेयर र विशेष गरी एक्सचेन्ज ट्रेडेड फन्ड्स (इटिएफ) किन्न लगाएको थियो । सर्ट सेलिङ प्रतिबन्ध र आइपिओ रोक लगाएलगत्तै अल्पकालीन राहत मिले पनि यथार्थमा बजार फर्किन सकेन । यी उदाहरण नेपालका लागि चेतावनी हुन् ।

नेप्सेमा पनि अल्पकालीन तरलता प्रवाहले 'मोमेन्टम' दिन सक्छ, तर संरचनागत कमजोरी (बैंकिङ र हाइड्रोको बाहुल्यता) ले दीर्घकालीन वृद्धि रोक्छ। हस्तक्षेपले विकृति निम्त्याउँछ, समाधान होइन ।

**नीति र तिनका सीमाहरू**

सरकारले बजारमा सेयरको मूल्य तोक्न सक्दैन। तर मौद्रिक र वित्तीय नीतिले बजारको इकोसिस्टमलाई प्रभावित गर्छ। खुकुलो मौद्रिक नीतिले सस्तो पैसा उपलब्ध गराउन सक्छ, जसले सेयरतर्फ पुँजी प्रवाह बढाउँछ ।

नेपालमा नेप्सेको उतारचढाव धेरैजसो मौद्रिक नीतिमा निर्भर देखिन्छ । खुकुलो मौद्रिक नीतिले बजारलाई तत्कालका लागि चलायमान बनाउन सक्छ । तर यसले स्थायी रूपमा दीर्घकालीन विकाससहितको विस्तार तय गर्न सक्दैन । अर्थतन्त्रको वास्तविक र दिगो विकास उत्पादकत्व वृद्धि र सुशासनबाट मात्र सम्भव हुन्छ। यसले मात्रै बजारमा पनि दीर्घकालीन सकारात्मक प्रभाव पार्छ । अहिले नेपालको बैंकिङ प्रणालीमा पैसा थुप्रिने तर लगानी नहुने अवस्था छ। यो अवस्था 'आत्मविश्वासको तरलता पासो' (लिक्विडिटी ट्र्याप अफ कन्फिडेन्स) हो । यस अवस्थामा बजारमा पैसा त हुन्छ, तर विश्वास हुँदैन ।

बजारमा पैसा (तरलता) को कमी भएर लगानी रोकिएको होइन । भविष्यप्रति विश्वास नभएर लगानीकर्ताहरू डराइरहेका छन् भन्ने हो । जब उत्पादनमूलक क्षेत्रको नाफा घट्छ र आर्थिक वृद्धि सुस्त हुन्छ, तब बजारमा सस्तो ब्याजदरको पैसा पनि उत्पादनमा जाँदैन । त्यो पैसा सेयर बजार वा घरजग्गा जस्ता क्षेत्रमा गएर 'सम्पत्ति फोका' (एसेट बबल) बन्छ, जुन कुनै न कुनै बिन्दुमा पुगेर फुट्नु अनिवार्य हुन्छ ।

नेपालको सेयर बजारको वर्तमान अवस्था यो होइन । बजारलाई सस्तो पैसा होइन, नीतिगत स्थिरता र भविष्यप्रतिको भरोसा चाहिएको हो ।

**नियामक दुविधा विश्वास निर्माण र नैतिक जोखिम**

जोसेफ स्टिगलिट्ज भन्छन्– बजारलाई असफल हुन नदिन बलियो नियमन चाहिन्छ । डगलस नर्थ भन्छन्– सबल संस्थाहरूले बजारको अनिश्चितता घटाउँछन् ।

तर, नेपालको नियमन शैली प्रतिक्रियात्मक मात्र छ। बजार धेरै बढे रोक्ने र धेरै घटे बचाउने तदर्थवादी (एडहक) शैलीले उल्टै अस्थिरता निम्त्याएको छ । सरकारको काम सूचकांक बचाउने होइन ।

सरकारले हाल मुख्य पाँच कुरामा मात्र ध्यान दिए पुग्छ। भित्री सूचना (इन्साइडर ट्रेडिङ) को आधारमा हुने कारोबारमा शून्य सहनशीलता नीति, कर्नरिङ र सर्कुलर ट्रेडिङ जस्ता दाउपेच (बजार चलखेल) मा पूर्ण रोक, कम्पनीहरूको आन्तरिक व्यवस्थापनमा कडा निगरानी गर्दै संस्थागत सुशासन, सबै लगानीकर्ताले समान रूपमा सूचना पाउने इक्वल प्लेइङ फिल्ड र राजनीतिक हस्तक्षेपमुक्त तथा दीर्घकालीन नीतिसहितको स्थिर कानुनी वातावरण । यस्ता सुधारले मात्र जोन मेनार्ड केन्सले भनेभैं लगानीकर्ताको मनोबल (एनिमल स्पिरिट्स) लाई सकारात्मक दिशा प्राप्त हुन्छ ।

त्यसैले सरकारले मूल्यको ग्यारेन्टी बस्नु हुँदैन । यसले बजारमा 'नैतिक जोखिम' (मोरल ह्याजार्ड) बढाउँछ। लगानीकर्ताले जोखिमको मूल्यांकन गर्नै छोड्छन् ।



वास्तवमा सरकार भनेको 'माली' मात्र हो, फूल फुल्ने कुरा त बिरूवाको आफ्नै क्षमतामा निर्भर हुन्छ ।

**भीड मनोविज्ञानको चुनौती**

नोबेल पुरस्कार विजेता रोबर्ट शिलरका अनुसार सामाजिक सञ्जालमा फैलिने विषय र हल्लाले बजार चलाउँछ । नेपालमा पनि फेसबुक र भाइबर जस्ता सामाजिक सञ्जालका समूहहरूमा यस्तै हुने गरेको छ ।

त्यहाँ हुने कृत्रिम प्रचारले लगानीकर्तामा मनोवैज्ञानिक भ्रमहरू सिर्जना गरिरहेका छन्। अरूको पछि लागेर अन्धाधुन्ध कुद्ने, आफ्नो दाबी मिल्ने हल्लालाई मात्र साँचो मान्ने, तथ्य नबुझी एउटै हल्लाको पछि सबै लाग्ने । जसले गर्दा विशेष गरी नयाँ लगानीकर्ता पासोमा परिरहेका छन् । यही अवस्था दर्शाउँदै वित्तीय लगानी क्षेत्रका एक महान् अग्रणी फिलिप फिसर भन्छन्, 'सेयर बजार यस्ता व्यक्तिहरूले भरिएको हुन्छ, जसलाई हरेक कुराको मूल्य त थाहा हुन्छ, तर कुनै पनि कुराको वास्तविक मूल्य थाहा हुँदैन ।' यस्ता लगानीकर्ताहरू कम्पनीको वित्तीय स्वास्थ्य जस्ता आधारभूत सूचक हेर्दैनन्, केवल सामाजिक सञ्जालका 'टिप्स' का भरमा लगानी गर्छन् । आफ्नो यस्तो गलत निर्णयबाट भएको नोक्सानीमा सरकार वा नियामकलाई दोष दिनु कत्ति पनि तार्किक हुँदैन । यसको वास्तविक र दीर्घकालीन समाधान भनेको वित्तीय साक्षरता अभियान नै हो ।

**पुाजी बजारको संरचनागत विरोधाभास**

नेपालको सेयर बजार (नेप्से) ले देशको समग्र अर्थतन्त्रको वास्तविक चित्र देखाउँछ कि देखाउँदैन भन्ने बहस नै पनि यस्तै विरोधाभासको उपज हो । सैद्धान्तिक रूपमा बजारलाई अर्थतन्त्रको सूचक मानिए पनि नेपालको सन्दर्भमा बजार र अर्थतन्त्रको बाटो फरक देखिन्छ । यसका मुख्य संरचनागत कमजोरीहरू यस प्रकार छन् । सीमित क्षेत्रको बाहुल्यता- बजारमा बैंकिङ, बीमा र जलविद्युतको हिस्सा ८० प्रतिशतभन्दा बढी छ। तर अर्थतन्त्रका मुख्य खम्बा मानिने कृषि, पर्यटन, उत्पादनमूलक उद्योग र सूचना प्रविधि क्षेत्रको उपस्थिति नगन्य छ ।

अर्थतन्त्रको अधुरो ऐना- नेप्सेले नेपालको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) को एउटा सानो र विशिष्ट अंश मात्र प्रतिनिधित्व गर्छ। त्यसैले यो समग्र अर्थतन्त्रको ऐना नभएर एउटा सीमित अंश मात्र हो ।

सट्टेबाजी मानसिकता- यहाँ कम्पनीको स्वामित्व लिने दीर्घकालीन लगानी संस्कृतिको अभाव छ । धेरैले आइपिओलाई चिट्ठा र दोस्रो बजारलाई 'छिटो पैसा कमाउने' माध्यम मात्र बनाएका छन् ।

खुद्रा लगानीकर्ताको भर- बजारमा संस्थागत लगानीकर्ता (जस्तै पेन्सन कोष वा म्युचुअल फन्ड) को उपस्थिति एकदमै न्यून छ । त्यसैले बजार बढी मात्रामा खुद्रा लगानीकर्ताको भावना, उधारो कारोबार र अल्पकालीन सेयर कर्जाको चक्रमा घुमिरहन्छ ।

यस्तो असन्तुलित र तरलतामा आधारित संरचना भएकाले देशको अर्थतन्त्र सुध्रिँदैमा नेप्से तुरुन्तै बढ्ने वा अर्थतन्त्र संकटमा पर्दा तुरुन्तै घट्ने प्राकृतिक सम्बन्ध यहाँ देखिँदैन । बजारको यो संरचनागत त्रुटि सुधार्ने काम सरकारको हो । र, यो नीतिगत र दीर्घकालीन प्रक्रिया हो। रातारात सूचक बढाउने जादु होइन ।

**आइपिओको संस्कृति र जोखिमको जबर्जस्त हस्तान्तरण**

नेपालमा जलविद्युत आयोजनाले स्थानीयलाई १० प्रतिशत सेयर दिने व्यवस्थालाई सामाजिक न्याय मानियो। र, ७९ लाख डिम्याट खाता हुनुलाई यहाँ बजारको लोकतान्त्रिकीकरण मानिएको छ ।

यसको अर्को अँध्यारो पाटो पनि छ । धेरैजसो आयोजनाको निर्माण अवधि लम्बिने र सुशासन नहुँदा लागत अत्यधिक बढेको हुन्छ । यसले गर्दा कम्पनीको प्रतिसेयर नेटवर्थ अंकित मूल्यभन्दा निकै तल भरिसकेको हुन्छ । वित्तीय साक्षरता र जोखिम मूल्यांकन गर्ने क्षमता नभएका वा कम भएका ग्रामीण क्षेत्रका बासिन्दाले यो आरक्षणकै व्यवस्थाको कारण क्षति बेहोर्नुपर्ने हुन सक्छ ।

घरजग्गा धितो राखेर वा ऋण काढेर त्यस्ता कमजोर कम्पनीका आरक्षित सेयर किनिरहेका छन् । बजारमा सूचीकृत भएपछि यस्ता कम्पनीको वास्तविक अवस्था खुल्छ र मूल्य लगातार घट्दा सर्वसाधारणले ठूलो पूँजीगत क्षति भोग्नुपरिरहेको छ । वित्तीय शिक्षा र जोखिमको चेतबिना नागरिकलाई सेयर बजारमा हुल्नु 'अवसरको समता' होइन । राज्यद्वारा गरिएको जोखिमको हस्तान्तरण हो। नियामकले कमजोर कम्पनीलाई पनि जथाभावी आइपिओ जारी गर्न दिँदा सर्वसाधारण अदृश्य पासोमा फसिरहेका छन् । यस कारण सरकारले सेयर बाँड्नुअघि वित्तीय साक्षरता बाँड्न अनिवार्य छ ।

त्यसैले अहिले पनि बजारमा यस्ता पक्ष बेवास्ता गरेर 'सरकारले सेयर बजार बढाउनुपर्छ' भन्ने सबैभन्दा ठूलो भ्रम कायमै राखिएको छ । सरकार र लगानीकर्ता दुवैले बुझ्नुपर्छ, सरकार बजारको चालक होइन, संरचनाको निर्माता मात्र हो ।

सरकारको काम बजारलाई निष्पक्ष, पारदर्शी, प्रतिस्पर्धी र विश्वसनीय बनाउनु हो । मूल्य तोक्ने वा बढाउने होइन । यदि सरकारले मूल्य नियन्त्रण गर्न थाल्यो भने बजार स्वतन्त्र रहँदैन, त्यो नियन्त्रित अर्थतन्त्रतर्फ धकेलिन्छ ।

सेयर बजार सरकारको लोकप्रियताको सूचक होइन । यो त संस्थागत गुणस्तर, निजी क्षेत्रको उत्पादकता, लगानीकर्ताको परिपक्वता र आर्थिक भविष्यप्रतिको सामूहिक विश्वासको ऐना हो ।

नेपाली पुँजी बजारलाई परिपक्व बनाउने हो भने अब बहसको रूपान्तरण जरुरी छ । बहस 'सरकारले बजार किन बढाएन' भन्नेमा होइन, 'सरकारले बजारलाई कति निष्पक्ष, पारदर्शी र सुरक्षित बनायो' भन्नेमा केन्द्रित हुनुपर्छ । त्यही दिन नेपालको पुँजी बजार परिपक्वताको नयाँ युगमा प्रवेश गर्नेछ । यो लेख सेतोपाटीडटकमबाट साभार गरिएको छ ।

# विद्यार्थीका लागि शिक्षकको आग्रह

जितेन्द्र प्रसाद सिंह

*प्रिय विद्यार्थी भाइबहिनीहरू,*
*सप्रेम शुभकामना !*

आशा छ, तपाईंहरू सबैजना आफ्नो परिवारसंग घरमा सुरक्षित, स्वस्थ र खुसी हुनुहुन्छ होला ।

अहिले तराई मधेशका विद्यालयहरूमा वर्षे विदा चलिरहेको छ । लामो वर्षे विदालाई बाहिरबाट हेर्दा शिक्षक र विद्यार्थी दुवैका लागि आराम गर्ने समय जस्तो लाग्छ, तर एउटा शिक्षकको लागि लामो वर्षे विदा सम्झना, माया र जिम्मेवारीले भरिएको हुँदो रहेछ । विदाका कारण विद्यालयका आँगनहरू केही समयका लागि शान्त भएका छन्, कक्षाकोठाहरू सुनसान छन्, खेलमैदानमा हुने ओहोरदोहोर तथा गुञ्जिने हाँसोहरू रोकिएका छन् । तर पनि शिक्षकको मन सधैँ आफ्ना विद्यार्थी र विद्यालयमै रमाइरहेको हुन्छ ।

एउटा शिक्षक कहिल्यै पूर्ण रूपमा विदामा हुँदैन । शिक्षकको शरीर मात्र घरमा हुन्छ, तर मन सधैं आफ्ना विद्यार्थीहरूसँगै हुन्छ ।

म पनि वर्षे विदामा घरमै छु । नियमित रूपमा विद्यालय गएर विद्यार्थीहरूलाई पढाउने मेरो दैनिकी अचानक रोकिएको छ । घरमा परिवारसँग समय बिताइरहे पनि मन भने कतै अडिन सकेको छैन । दिन बित्दै जाँदा घरमा बस्नै वाक्क लाग्न थालेको छ । शरीर घरमा छ, तर मन भने अझै विद्यालयकै आँगनमा घुमिरहेको छ। कहिलेकाहीँ त बानीवश बिहान उठ्नेबित्तिकै लाग्छ, "आज पनि विद्यालय जानुपर्छ।" नित्यकर्म सकेर विद्यालय जाने तयारी गर्न खोज्छु, पोशाक मिलाउँछु, अनि एक्कासी सम्झना आउँछ, अहिले त विद्यालयमा वर्षे बिदा छ । अनि मन एकछिन खिन्न हुन्छ । किनकि शिक्षकको जीवनमा विद्यालय केवल काम गर्ने वा जागिर खाने ठाउँ होइन, त्यो त आफ्नो दोस्रो घर पनि हो । शिक्षकहरू केवल पढाउने पात्र होइनन्, उनीहरू त विद्यार्थी जीवनका अमूल्य हिस्सा हुन् ।

विद्यार्थी भाइबहिनीहरू, हिजो नित्यकर्म सकेर विद्यालय जाने तयारी गर्दै मोटरसाइकल स्टार्ट गर्न लाग्दा आमाले सोध्नुभयो, "बाबु, कहाँ जान लागेको ?" मैले सहजै उत्तर दिएँ, "विद्यालय।" उहाँले फेरि भन्नुभयो, "विद्यालयमा त वर्षे विदा छैन र ? " यो सुन्नासाथ म एकछिन झसंग भएँ । साँच्चै, अहिले त तराई मधेशका विद्यालयहरूमा वर्षे विदा चलिरहेको छ । त्यसैले बानीवश विद्यालय जाने तयारी गरिरहेको रहेछु ।

विद्यालय बन्द छ, तर तपाईंहरूको सम्झना भने मेरो मनबाट एक क्षण पनि टाढा भएको छैन । विद्यालयको प्रांगणमा देखिने तपाईंहरूको चहलपहल, कक्षाकोठामा उठ्ने जिज्ञासापूर्ण प्रश्नहरू, तपाईंहरूको मुस्कान, साथीहरूसँगको रमाइलो, साना-साना गल्तीहरूबाट सिकाइका सुन्दर क्षणहरू र विद्यालयमा प्रवेश गर्ने बितिक्कै तपाईंहरुको मधुर आवाजमा सुनिने "गुड मर्निङ सर/म्याम !" आज पनि मेरो कानमा गुञ्जिरहेको जस्तो लाग्छ। कहिलेकाहीँ त सपनामै पनि म तपाईंहरूसँग कक्षाकोठामा पुगेको हुन्छु, पढाइरहेको हुन्छु, सिकाइको यात्रामा रमाइरहेको हुन्छु । तर निद्राबाट ब्युँझिएपछि मात्र सम्झन्छु, अहिले त वर्षे विदा पो रहेछ ।

प्रिय विद्यार्थी भाइबहिनीहरू, विद्यालय बन्द भए पनि सिकाइ कहिल्यै बन्द हुनुहुँदैन । विद्यार्थीले हरेक दिन केही न केही नयाँ कुरा सिक्ने प्रयास गरिरहन्छ। त्यसैले यो वर्षे बिदालाई आराम गर्ने, खेल्ने र घुम्ने समय नभई आफ्नो ज्ञान, सीप र क्षमता बढाउने अवसरका रूपमा लिनुहोस्। शिक्षकको सबैभन्दा ठूलो खुसी भनेकै आफ्ना विद्यार्थीहरूलाई सिक्दै, अगाडि बढ्दै र जीवनमा सफल बन्दै गएको देख्नु हो । त्यसकारण हरेक दिन केही समय अध्ययनका लागि छुट्याउनुहोस् । विद्यालयबाट दिइएका गृहकार्यहरू नियमित रूपमा पूरा गर्नुहोस् । पढाइ भइसकेका पुराना पाठहरू दोहोर्याएर पढ्नुहोस्, पाठ पढाइका क्रममा कापीमा गरिएका अभ्यासहरू अध्ययन गर्नुहोस्, नयाँ कुरा सिक्ने प्रयास गर्नुहोस्, राम्रो पुस्तक पढ्ने बानी बसाल्नुहोस् र आफ्नो समयलाई सकारात्मक कार्यमा प्रयोग गर्नुहोस् । मोबाइलको लतमा नपर्नुहोस्, मोबाइल प्रयोग गर्नु पर्दा पढाइमा काम लाग्ने कुराहरू मात्र हेर्नुहोस् ।

विदाका कारण विद्यालय बन्द हुन सक्छ, तर सिकाइ कहिल्यै बन्द नहुने भएकाले विद्यार्थीले हरेक दिन आफूलाई केही न केही नयाँ कुरा सिकाउने प्रयास गर्नु बुद्धिमानी हो र असल विद्यार्थीको गुण पनि हो ।

अहिले वर्षायामको समय भएकाले आफ्नो स्वास्थ्य र सुरक्षामा समेत विशेष ध्यान दिनुहोस्। सर्प लगायतका विषालु जीवजन्तुबाट सावधान रहनुहोस् । अनावश्यक रूपमा झाडी, बाढी प्रभावित क्षेत्र, खोलानाला वा जोखिमयुक्त स्थानमा नजानुहोस् । सरसफाइमा ध्यान दिनुहोस् र सुरक्षित रहनुहोस् ।

म विद्यालय खुल्ने दिनको आतुरतापूर्वक प्रतीक्षा गरिरहेको छु । फेरि तपाईंहरूको उज्यालो अनुहार हेर्न, तपाईंहरूको हाँसो सुन्न, तपाईंहरूका जिज्ञासु प्रश्नहरूको उत्तर दिन र कक्षाकोठामा ज्ञानको नयाँ यात्रा शुरु गर्न मेरो मन व्याकुल छ ।

तपाईंहरुको त्यो मुस्कान, "सर, यो बुझिएन" भन्ने आवाज, कक्षाभरि गुञ्जिने हाँसो, कहिलेकाहीँ तपाईंहरूले गर्ने साना-साना गल्ती र त्यसैमा लुकेको सिकाइ लगायतका सम्झनाले मनलाई बारम्बार भावुक बनाइदिन्छ । शिक्षकको जीवनमा यिनै क्षणहरू नै सबैभन्दा ठूलो खुसी रहेछन् भन्ने कुरा अहिले झन् गहिर ोसँग महसुस भइरहेको छ ।

सबैभन्दा धेरै मनमा एउटा प्रश्नले घोचिरहन्छ, "मेरा विद्यार्थीहरू अहिले के गरिरहेका होलान् ? उनीहरूले किताब खोलेका होलान् कि ? कसैले पढाइ छोडेर समय खेर त फालिरहेका छैनन्?" तपाईंहरुको भविष्यप्रतिको चिन्ताले कहिलेकाहीँ सताउन थाल्छ । सायद यही नै शिक्षक र विद्यार्थीबीचको अदृश्य सम्बन्ध हो । यो सम्बन्ध न त बिदाले टुटाउँछ, न त दूरीले मेटाउँछ। बरु केही समयको दूरीले त झन् माया, जिम्मेवारी र आत्मीयतालाई अझ गाढा बनाइदिन्छ ।

अब मनमा एउटै प्रार्थना छ, यो वर्षे विदा चाँडै समाप्त होस् । फेरि विद्यालयका ढोकाहरू खुलून्। फेरि तपाईंहरुको उज्याला अनुहारहरू देख्न पाइयोस् । फेरि "गुड मोर्निङ सर/म्याम" भन्ने तपाईंहरुको मधुर आवाजले मन प्रफुल्लित होस् । तपाईंहरू बिना विद्यालय अधुरो हुन्छ, र विद्यालय बिना एउटा शिक्षकको मन । आशा छ, विदा चाँडै सकिनेछ, विद्यालयका आँगनहरू फेरि तपाईहरुको हाँसोले गुञ्जिनेछन् ।

आदरणीय अभिभावकज्यूहरूमा पनि विनम्र अनुरोध छ की आफ्ना बालबालिकाको अध्ययनमा केही समय दिनुहोस्, उनीहरूलाई प्रोत्साहन गर्नुहोस् र असल संस्कार, अनुशासन तथा जिम्मेवारीको बाटो देखाउनुहोस् । घर नै बालबालिकाको पहिलो विद्यालय हो, भने अभिभावक नै पहिलो गुरु पनि हुनुहुन्छ ।

मलाई पूर्ण विश्वास छ कि तपाईंहरू सबैले यो विदाको सदुपयोग गर्दै नियमित अध्ययनलाई निरन्तरता दिनुहुनेछ । तपाईंहरूको उज्ज्वल भविष्य नै हाम्रो सबैभन्दा ठूलो सपना र सफलता हो ।

छिट्टै विद्यालयमा भेट्ने आशासहित, तपाईंहरू सबैलाई सुरक्षित, स्वस्थ, अनुशासित र अध्ययनशील वर्षे बिदाको हार्दिक शुभकामना ।

# बसही खोलाको पुल निर्माणमा वर्षौंको ढिलाइ

जनकपुरधाम । धनुषाको ढल्केबर-जटहीसडकखण्डअन्तर्गत मिथिला नगरपालिका-६ स्थित बसही खोलामा निर्माणाधीन पुल वर्षौंदेखि सम्पन्न हुन नसक्दा स्थानीयवासी र यात्रुले सास्ती खेपिरहेका छन् । निर्माणमा भएको ढिलाइका कारण उक्त स्थान दुर्घटनाको उच्च जोखिमयुक्त क्षेत्रसमेत बनेको छ ।

ढल्केबरदेखि जटहीसम्मको सडक छ लेनमा विस्तार भइसके पनि बसही खोला पार गर्न अझै पुरानै साँघुरो पुल प्रयोग गर्नुपर्ने बाध्यता छ । फराकिलो सडकबाट तीव्र गतिमा आएका सवारीसाधन साँघुरो पुलमा प्रवेश गर्दा चालक झुक्किने र दुर्घटना हुनेक्रम बढेको स्थानीयको भनाइ छ ।

स्थानीय विजय साहले निर्माण व्यवसायीको लापर्वाहीका कारण वर्षौंदेखि काम अलपत्र कार्यालय जनकपुरका प्रमुख दरोगाप्रसाद साहले पटक-पटक म्याद थप्दा पनि निर्माण व्यवसायीले अपेक्षित रूपमा काम नगरेपछि कारबाही प्रक्रिया अघि बढाइएको जानकारी दिनुभयो । उहाँका अनुसार सोही प्रक्रियाका कारण अहिले निर्माण रोकिएको छ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाका प्रमुख प्रहरी निरीक्षक खगेन्द्रकुमार दाहालले पुरानो साँघुरो पुलका कारण दुर्घटनाको जोखिम बढेको बताउनुभयो ।

उहाँका अनुसार फराकिलो सडकबाट आउने सवारीसाधन एक्कासि साँघुरो पुलमा पुग्दा चालक अलमलिने गरेका छन् । जोखिम न्यूनीकरणका लागि ट्राफिक सङ्केत राखिए पनि चालकको असावधानीका कारण दुर्घटना रोकिएको छैन ।



परेको बताउनुभयो । यस अवधिमा उक्त क्षेत्रमा धेरै दुर्घटना भइसकेको र मानवीय क्षतिसमेत भएको उहाँको भनाइ छ । उहाँका अनुसार अहिले निर्माण सामग्रीमा समेत खिया लाग्न थालेको छ ।

सडक डिभिजन कार्यालय जनकपुरका अनुसार रु १४ करोड आठ लाख २३ हजारको लागतमा नागार्जुन-हेक कन्स्ट्रक्सन जेभीसँग २०७६ असार ३१ गते सम्झौता भएको थियो । २०७८ असार मसान्तभित्र सम्पन्न गर्ने लक्ष्य रहे पनि हालसम्म करिब ४० प्रतिशत मात्र काम भएको छ । सडक डिभिजन

नेपाल-भारत व्यापार, जनकपुरधामको धार्मिक पर्यटन तथा मधेस प्रदेशको यातायात सञ्जालका दृष्टिले महत्वपूर्ण मानिने यस सडकखण्डमा पुल नबन्दा आवागमन मात्र होइन, स्थानीय आर्थिक गतिविधिसमेत प्रभावित भएको जनकपुरधामउपमहानगरपालिकाका दीपेन्द्र तिवारीले बताउनुभयो । स्थानीयवासी तथा व्यवसायीले राष्ट्रिय महत्वको यस सडक आयोजनालाई पूर्णता दिन बसही खोलाको पुल यथाशीघ्र निर्माण सम्पन्न गर्न सरकारसँग माग गरेका छन् । रासस

# भूमिबाट ५ अर्ब ७९ करोड राजश्व संकलन

टुडे समाचारदाता


जनकपुरधाम । गत आर्थिक वर्ष २०८२/८३ मा । मधेस प्रदेशस्थित रहेको भूमि प्रशासन कार्यालयहरुले ५ अर्ब ७९ करोड ७ लाख ३४ हजार ४०४ रुपैयाँ राजश्व संकलन गरेको छ ।

भूमि व्यवस्थापन तथा अभिलेख विभागको तथ्यांक अनुसार मधेस प्रदेशको ८ वटै जिल्लामा रहेको २१ वटा भूमि प्रशासन कार्यालयबाट गत आ.व. को साउनदेखि असार मसान्तसम्ममा सो राजश्व संकलन गरेको हो ।

सेवा कर, रजिष्ट्रेशन दस्तुर, अतिरिक्त शुल्क, डोर सुविधा शुल्क, पूँजीगत लाभकर, जग्गाधनी प्रमाण पूर्जा, विलम्ब शुल्क, मुख्यमन्त्री स्वच्छता अभियान कोष शुल्क, रोक्का दस्तुरबाट भूमि प्रशासन कार्यालयले राजश्व संकलन भएको हो ।

गत आवमा सबैभन्दा बढी राजश्व संकलन भूमि प्रशासन कार्यालय पर्साले गरेको छ भने भूमि प्रशासन कार्यालय मौलापुर, रौतहटले सबैभन्दा कम राजश्व संकलन गरेको छ । भूमि प्रशासन कार्यालयले १ अर्ब १० लाख ९१ हजार १३८ रुपैयाँ राजश्व संकलन गरेको छ ।

यसैगरि भूमि प्रशासन कार्यालय जनकपुरधाम, धनुषाले ७९ करोड २२ लाख ६४ हजार १९० रुपैयाँ राजश्व संकलन गरेको अभिलेख छ । भूमि



प्रशासन कार्यालय कलैया, बाराले आव २०८२/८३ मा ५० करोड ५४ लाख १२ हजार ३६ रुपैयाँ राजश्व संकलन गरेको हो । बारामै रहेको भूमि प्रशासन कार्यालय सिमराले ४० करोड २१ लख ४७ हजार ४५९ रुपैयाँ राजश्व संकलन गरेको हो ।

त्यसैगरि, भूमि प्रशासन कार्यालय राजविराज, सप्तरीले गत आव २०८२।८३ मा ३१ करोड ८९ लाख २८ हजार ७२२ रुपैयाँ राजश्व संकलन गरेको हो । मधेस प्रदेशमा ८ वटा जिल्ला रहेकोमा भूमि प्रशासन कार्यालयहरुले सेवा विस्तार गर्दै जाँदा २१ ठाउँबाट सेवा प्रवाह भइरहेको छ ।

सप्तरीमा २, सिरहामा २, धनुषामा २, महोत्तरीमा ३, सर्लाहीमा ३, रौतहटमा ४, बारामा ३ र पर्सामा २ वटा भूमि प्रशासन कार्यालय रहेको छ । भूमि प्रशासन कार्यालयहरुले गत आव २०८२/८३ को अन्त्य अर्थात असार मसान्तमा सबैभन्दा बढी राजश्व संकलन गरेको हो ।

असारमा १ अर्ब ४५ लाख ८६ हजार ६६४ रुपैयाँ राजश्व संकलन गरेको छ । असारपछि चैतमा ५५ करोड ५ लाख २१ हजार ९७३, जेठमा ५३ करोड ६१ लख ४९ हजार १४७, बैशाखमा ५३ करोड ३७ लाख ५१ हजार ४४ रुपैयाँ राजश्व संकलन गरेको हो ।

भूमि प्रशासन कार्यालयहरुले पुसमा ५० करोड ७ हजार ६५० रुपैयाँ, माघमा ४८ करोड ४८ लाख ५ हजार ३२६, मंसिरमा ४७ करोड ३३ लाख ९९ हजार ८१४, फागुनमा ३८ करोड ८८ लाख ४४ हजार ८६५, साउनमा ३८ करोड ८१ लख ४ हजार ३०८ रुपैयाँ राजश्व संकलन गरेको हो ।

त्यस्तै, भदौमा ३२ करोड ३८ लाख ५२ हजार ५६७ रुपैयाँ, असोजमा ३१ करोड ९० लाख ९४ हजार ९८९ र कार्तिकमा सबैभन्दा कम २८ करोड ७६ लाख १६ हजार ५७ रुपैयाँ राजश्व संकलन गरेको छ । मधेस प्रदेश सरकारको स्वच्छता अभियान कोषमा वर्षेणी करोडौं रकम भूमि प्रशासन कार्यालयहरुबाट हुने गरेको छ ।

मुख्यमन्त्री स्वच्छता अभियान कोष शूल्क वापत ४७ करोड ५८ लाख ५ हजार २८६ रुपैयाँ राजश्व संकलन गरेको छ भने यसअघि आर्थिक वर्ष २०८१।/८२ मा समेत यस कोषका लागि तत्कालिन मालपोत कार्यालयहरुबाट ४४ करोड ६० लाख ८६ हजार ६४४ रुपैयाँ संकलन गरेको थियो ।

# फाजिल कर्मचारीलाई प्रदेश र स्थानीय तहमा खटाइने

टुडे समाचारदाता

काठमाण्डू । दरबन्दी कटौती भएर फाजिलमा रहेका कर्मचारीहरूलाई आवश्यकताका आधारमा संघीय, प्रदेश र स्थानीय तहमा खटाउने निर्णय गरेको छ ।

मुख्यसचिव गोविन्दबहादुर कार्कीको नेतृत्वमा बसेको सचिवहरूको बैठकले प्रशासनिक सुधारतर्फ विभिन्न २२ वटा महत्वपूर्ण निर्णयहरू गर्दै संगठन तथा व्यवस्थापन सर्वेक्षणका क्रममा यस्तो कार्य गर्न लागेको हो । प्रधानमन्त्रीमा बालेन शाह नियुक्त भएयता पहिलोपटक बसेको यो सचिव बैठकले प्रशासनिक कामकारबाहीलाई थप चुस्त र जनमुखी बनाउने उद्देश्य लिएको छ ।

बैठकले विशेष गरी जनसम्पर्क अत्यधिक हुने सरकारी कार्यालयहरूको सेवाप्रवाहलाई पूर्ण रूपमा सहज, सरल र विचौलियामुक्त बनाउने प्रतिबद्धता




व्यक्त गरेको छ । नयाँ व्यवस्था अनुसार अब कार्यालयमा आउने सेवाग्राहीमध्ये निवेदन तथा उजुरी लेख्न नजान्नेहरूलाई सम्बन्धित कर्मचारीहरूले नै सघाउनुपर्नेछ ।

त्यस्तै, मालपोत र नापी कार्यालयका सेवाहरूलाई स्थानीय तहमा हस्तान्तरण गर्ने कार्यलाई तीव्र बनाइने भएको छ भने यसका लागि संघीय मामिला मन्त्रालयले स्थानीय तहहरूको संस्थागत तथा प्राविधिक क्षमता अभिवृद्धि गर्ने जिम्मा पाएको छ ।

प्रशासनिक सुशासन र सेवाप्रवाहलाई थप प्रभावकारी बनाउने क्रममा नेपाललाई सम्पत्ति शुद्धीकरणको 'ग्रे लिस्ट'बाट बाहिर निकाल्ने कार्यलाई उच्च प्राथमिकता दिइने जनाइएको छ ।

यसका साथै, सरुवा भएर अन्यत्र जाने कर्मचारीहरूले आफूले गरेका कामहरूको विवरणसहितको संस्थागत स्मृति (इन्स्टिच्युसनल मेमोरी) तयार गरी अनिवार्य रूपमा हस्तान्तरण गरेर मात्र जानुपर्ने नयाँ नियम समेत सचिव बैठकले कार्यान्वयनमा ल्याइ सकिएको जनाएको छ ।

# पुनः सडक विस्तार अभियान शुरु

टुडे समाचारदाता

वीरगञ्ज । वीरगञ्जको मुख्य सडक विस्तार अभियान फेरि शुरु हुने भएको छ । गहवामाई चौथो रथयात्रालाई सहज रूपमा सम्पन्न गराउन केही दिनका लागि रोकिएको अभियान अब पुनः सञ्चालन हुन लागेको छ ।

सडक डिभिजन कार्यालय, हेटौंडाले साउन २ गते १५ दिने सूचना जारी गर्दै सडक सीमाभित्र परेका संरचना हटाउन सम्बन्धित घरधनीलाई आग्रह गरेसँगै अभियानले पुनः गति लिने संकेत देखिएको छ ।

गण्डकचोकदेखिमितेरीपुलसम्मकरिब सात किलोमिटर सडक विस्तार वीरगंजको सबैभन्दा महत्वपूर्ण शहरी पूर्वाधार योजनामध्ये एक मानिन्छ । लामो समयदेखि विभिन्न कानुनी, प्रशासनिक तथा स्थानीय अवरोधका कारण योजना प्रभावकारी रूपमा अघि बढ्न सकेको थिएन ।

पटक-पटक सूचना जारी भए पनि कार्यान्वयन कमजोर रहँदा स्थानीयवासीमा सरकारी निर्णयप्रति विश्वाससमेत घट्दै गएको थियो । सर्वोच्च अदालतको फैसला कार्यान्वयनको आधार बनेपछि भने अभियानले नयाँ मोड लिएको छ ।

गत वैशाख ६ गतेदेखि सुरु गरिएको पहिलो चरणमा मुख्य सडकको दायाँ-बायाँ २५-२५ मिटरभित्र पर्ने करिब एक हजार २०० संरचनाको अगाडिको



भाग डोजर प्रयोग गरेर हटाइएको थियो। त्यसक्रममा केही घरधनीले स्वेच्छाले संरचना हटाउँदै सरकारी अभियानलाई सहयोग गरेका थिए ।

यद्यपि अधिकांश घरधनीले अझै संरचना हटाउन चासो नदेखाएपछि सडक डिभिजन कार्यालयले गत असार २० गतेदेखि पुनः डोजर परिचालन गरेर अभियानलाई तीव्र बनाएको थियो । दोस्रो चरणमा गण्डकचोकदेखिघण्टाघरसम्मतथा मितेरीपुलदेखि अलखियामठसम्म सडक विस्तारको काम अघि बढाइएको थियो ।

यहीबीच गहवामाई चौथो रथयात्रालाई व्यवस्थित रूपमा सम्पन्न गराउन अभियान केही दिनका लागि रोकिएकोमा अब यसले गति लिने डिभिजन सडक कार्यालय हेटौंडाका इन्जिनियर किरण कार्कीले बताए । अब जारी गरिएको नयाँ सूचनाअनुसार विशेषगरी घण्टाघरदेखि अलखियामठसम्मको क्षेत्रलाई प्राथमिकतामा राखेर संरचना हटाउने काम अघि बढाइनेछ ।

यस क्षेत्रमा अझै धेरै संरचना हटाउन बाँकी रहेकाले कार्यालयले सम्बन्धित घरधनीलाई स्वेच्छाले संरचना हटाएर अभियानमा सहयोग गर्न आग्रह गरेको छ । यसपटक सडक विस्तार अभियानप्रति स्थानीयवासीको दृष्टिकोण पनि विगतको तुलनामा परिवर्तन हुँदै गएको देखिन्छ । पहिले सूचना मात्रै आउने तर काम अघि नबढ्ने अवस्थाका कारण सडक किनारका बासिन्दा अन्योलमा थिए ।

तर अहिले अभियान व्यवहारमै कार्यान्वयन हुन थालेपछि अधिकांश स्थानीय सडक विस्तार अब रोकिने सम्भावना न्यून रहेको निष्कर्षमा पुगेको छ । सो परिवर्तनले घरधनीहरूको व्यवहारमा पनि प्रभाव पारेको छ। सडक विस्तारपछि भवनको पछाडिको भाग सुरक्षित रहने अवस्था भएका धेरैले डोजरको प्रतीक्षा नगरी आफैं संरचना हटाउन थालेका छन् ।

# तीतो करेलाखेतीमा उज्यालो भविष्य खोज्दै सम्सीका महिलाहरू

जनकपुरधाम । एक समय घरधन्दामा सीमित महोत्तरीको सम्सी गाउँपालिका-७ सम्सीका महिलाहरू आजभोलि करेलाको हरियालीसँगै आफ्नो जीवनको उज्यालो भविष्य कोर्दै छन् ।

सामूहिक प्रयास, निरन्तर मेहनत र व्यावसायिक सोचले सम्सीका महिलाहरुलाई आत्मनिर्भर मात्र बनाएको छैन, गाउँमै सम्मानित कृषक-उद्यमीका रूपमा समेत स्थापित गरेको छ । सम्सी गाउँपालिकाका विभिन्न वडामा महिलाहरूले समूह बनाएर व्यावसायिक रुपमा करेलाखेती सुरु गरेका छन् । केही वर्षअघिसम्म परम्परागत खेतीमा सीमित उहाँहरू अहिले आधुनिक प्रविधि अपनाएर करेलाको उत्पादन गर्दै स्थानीय बजारसँगै जनकपुर, जलेश्वर, गौशाला, बर्दिबास र छिमेकी जिल्लासम्म बिक्री गर्न थालेका छन् ।

बिहान सबेरै खेतमा पुगेर लहराको स्याहार, सिँचाइ, मल व्यवस्थापन र टिपाइमा व्यस्त देखिने महिलाहरूको अनुहारमा थकानभन्दा बढी आत्मविश्वास झल्किन्छ । सम्सी गाउँपालिका-७ निवासी शैलीदेवी यादवका अनुसार करेलाखेतीबाट हुने नियमित आम्दानीले परिवारको दैनिक खर्च धान्न, छोराछोरीको पढाइ खर्च जुटाउन र बचत गर्न समेत सहज भएको छ ।

"पहिला घरबाहिर काम गर्ने अवसर कम थियो, अहिले आफ्नै गाउँमा खेती गरेर आम्दानी गर्न सकेका छौं", शैलीदेवी भन्नुहुन्छ, "परिवारको निर्णयमा पनि हाम्रो भूमिका बढेको छ ।" अघिल्लो वर्ष दुई कट्ठामा लगाएको करेलाखेतीबाट राम्रो आम्दानी भएपछि यस वर्ष चार कट्ठा लगाएको उहाँको भनाइ छ ।



''सुरुमा केही काम नगरी घरमा त्यतिकै समय बिताउँदै थिए", सम्सी गाउँपालिका ७ कै रिमाकुमारी बैठा भन्नुहुन्छ'' तर अहिले समुह मार्फत करेला खेतीबारे जानकारी पाएपछि व्यवसायिक रुपमा करेला खेती गर्दै आएकी छु", धानको सिजनमा धान बाली लगाउँछु र बाँकी जगामा करेलाखेती लगाएर आम्दानी गर्दै आएको उहाँ बताउनुहुन्छ ।

उर्वर भूमि, सिँचाइको सुविधा र बजारसँगको सहज पहुँचका कारण सम्सीमा करेलाखेती विस्तार हुँदै गएको कृषि प्राविधिक महेश यादव बताउनुहुन्छ । उचित समयमा बीउ रोप्ने, बाँस र तारको सहायताले लहरा व्यवस्थापन गर्ने तथा जैविक मलको प्रयोग बढाउँदा उत्पादन र गुणस्तर दुवैमा सुधार आएको उहाँका भनाइ छ ।

महिलाहरूले उत्पादन गरेको करेला स्थानीय व्यापारीले खेतबाटै खरिद गर्ने गरेका छन् । बजार मूल्य अनुकूल हुँदा एक सिजनमै उल्लेख्य आम्दानी हुने भएकाले अन्य महिलाहरू पनि यसतर्फ आकर्षित हुन थालेका छन् । केहीले करेलासँगै काँक्रो, लौका, घिरौंला र अन्य मौसमी तरकारीको समेत मिश्रित खेती गर्दै जोखिम घटाउने प्रयास गरिरहेका छन् ।

करेला खेतीले आर्थिक लाभ मात्र दिएको छैन, महिलाहरूमा नेतृत्व क्षमता र आत्मविश्वास पनि बढाएको छ । सम्सी गाउँपालिका-७ वीभाकुमारी यादवको नेतृत्वमा गठन भएको 'देवकी करेला बाली उत्पादक कृषक समूह' अहिले महिलालाई आर्थिक उपार्जन तथा आत्मनिर्भर बन्ने केन्द्र बनेको छ । समूहमा आबद्ध २५ जना महिलाले घरायसी कामपछि बाँकी समयलाई करेलाखेतीमा लगाउन थालेका छन् ।

समूहमा आबद्ध भएर महिलाहरूले बचत गर्ने, अनुभव आदानप्रदान गर्ने, नयाँ प्रविधि सिक्ने र बजार खोज्ने काम सामूहिक रूपमा गर्दै आएका छन् । यसले सामाजिक रूपमा पनि महिलाको भूमिका थप सशक्त बन्दै गएको स्थानीय अगुवा सुरेश ठाकुर बताउनुहुन्छ ।

सरकारी तथा विकास साझेदार संस्थाले पनि व्यावसायिक तरकारीखेतीलाई प्राथमिकतामा राख्दै किसानलाई तालिम, प्राविधिक सहयोग, सिँचाइ पूर्वाधार र कृषि सामग्रीमा अनुदान उपलब्ध गराउने कार्यक्रम सञ्चालन गर्दै आएको जनाएको छ ।

विश्व बैंक र विश्व कृषि तथा खाद्य सुरक्षा कार्यक्रमको आर्थिक सहयोगमा नेपाल सरकारको खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना (फ्यानसेप नेपाल) आयोजना कलष्टर एकाइ धनुषाद्वारा सञ्चालित परियोजनाअन्तर्गत महिलालाई करेलाखेतीबारे आवश्यक ज्ञान सीपसँगै उन्नत बीउबिजन, औषधिलगायतका प्राविधि ज्ञान तथा अनुदान दिएपछि महिलाहरु व्यावसायिक रुपमा करेलाखेतीमा जुटेका हुन् । यस्ता कार्यक्रमले महिलालाई व्यवसाय विस्तार गर्न सहज बनाएको छ । परियोजनामार्फत अनुदानसँगै आधुनिक प्रविधि र व्यवस्थापनबारे जानकारी पाएपछि उत्पादनमा गुणस्तरीय सुधार आएको समूहका महिला कृषकहरू बताउँछन् ।

खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना (फ्यानसेप नेपाल) आयोजना कलष्टर एकाइ धनुषाका प्रशासन प्रमुख शिवनाथ शर्माका अनुसार परियोजनाअन्तर्गत करेलाखेतीका लागि सो महिला समूहमा २५ जना सदस्यलाई खेतीबारे पाठशालामार्फत ज्ञान सीप दिनुका साथै बीउबिजन, सिँचाइका लागि पानी तान्ने मोटरलगायतका सामग्री खरिदमा अनुदान उपलब्ध गराइएको छ ।

जलवायु सहनशीलता अभिवृद्धि गर्ने, कृषि उत्पादकत्व बढाउने तथा लक्षित साना कृषक समुदायको पोषण अभ्यासमा सुधार ल्याउने उद्देश्यले धनुषाको बटेश्वर र जनकनन्दनी गाउँपालिकामा तथा महोत्तरीको सम्सी र सोनमा गाउँपालिकामा उक्त परियोजना सञ्चालनमा छन् ।

परियोजनाअन्तर्गत दुई जिल्लाका चार पालिकामा ५५३ वटा समूह सक्रिय रहेको खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना (फ्यानसेप नेपाल) आयोजना कलष्टर एकाइ धनुषाले जनाएको छ । एकाइका कार्यालय प्रमुख रविलाल शर्माका अनुसार सक्रिय रहेका ४०० समूहलाई साना अनुदान, पूरक अनुदान, प्रवर्द्धन कार्यक्रम अनुदान र घरबारी पोषण बगैंचा योजनामार्फत समूहको कामको मूल्याङ्कन गरी अनुदान सिधै किसानहरुको खातामा पठाउँदै आएको छ । सीमान्तकृत, साना किसान, गर्भवतीलाई लक्षित गरी कार्यक्रम सञ्चालन गरिएको प्रमुख शर्माको कथन छ ।

तरकारीखेतीमा महिलाको सक्रिय सहभागिताले ग्रामीण अर्थतन्त्रलाई गतिशील बनाइरहेको कृषिविज्ञ तथा परियोजनाका कृषि अधिकृत शिवचन्द्र झा बताउनुहुन्छ । उत्पादनसँगै प्रशोधन, प्याकेजिङ र बजारीकरणमा ध्यान दिनसके करेलाखेती अझ बढी आम्दानीको स्रोत बन्न सक्ने उहाँको सुझाव छ । बीउ, मल, विषादीको मूल्यवृद्धि, बजार मूल्यमा हुने उतारचढाव, बालीमा लाग्ने रोग-कीरा तथा पर्याप्त शीतभण्डारणको अभावलाई मुख्य चुनौतीका रूपमा रहेको महिला किसानहरु बताउँछन् । रासस

# महेन्द्र राजमार्ग विस्तार काम प्रभावित

टुडे समाचारदाता

मलंगवा । निरन्तर वर्षाको कारण विस्तार भइरहेको महेन्द्र राजमार्गको काम प्रभावित भएको छ । एसियन मापदण्ड अनुसार कमला-ढल्केबर-पथलैया सडक अन्तर्गत अहिलेसम्म सर्लाही, महोत्तरी र धनुषा खण्डमा मात्र ठेक्का लागेर काम अघि बढेको छ ।

रौतहट र बारा खण्डमा ठेक्का लाग्नै बाँकी छ । कमला-ढल्केबर-पथलैया सडक आयोजना (पूर्वी खण्ड) का सूचना अधिकारी एवं इन्जिनियर रामटहल यादवले पानी परेपछि केही दिनदेखि राजमार्ग विस्तारको काम बन्द जस्तै रहेको जानकारी दिएका छन् ।

राजमार्ग विस्तार अन्तर्गत विशेष गरी पुल र कलभर्टको काम गरिरहेका दुई/चार जना कामदार देखिने गरेकामा अहिले पानी परेपछि ती कामदार पनि देखिन छाडेका छन् । वर्तमान सरकारले आफ्नो नीति तथा कार्यक्रम र बजेटमा महेन्द्र राजमार्ग विस्तारलाई उच्च प्राथमिकतामा राखेको भए पनि कामको गति भने सुस्त हुन गएको छ ।

इन्धनको मूल्यवृद्धिका कारण कामले गति लिन नसकेको बताइरहेका निर्माण व्यवसायीलाई बर्सातले झनै सुस्त बनाइदिएको हो । सर्लाही, महोत्तरी र धनुषामा महेन्द्र राजमार्ग विस्तारको काम अहिलेसम्म करिब ५० प्रतिशत पूरा भइसक्नुपर्नेमा भौतिक प्रगति २६ प्रतिशतमा सीमित देखिएको इन्जिनियर यादवले बताए ।

रुख कटान तथा विद्युत्का पोल, खानेपानीका पाइप, टेलिफोनका तारलगायतका संरचना स्थानान्तरणमा भएको ढिलाइका कारण लक्ष्य अनुसार सडक विस्तारले गति लिन नसकेको हो । विश्व बैंकको ऋण सहयोगमा धनुषाको कमला पुलदेखि बाराको पथलैयासम्मको सडक चार लेनको बनाउने कार्य अन्तर्गत अहिलेसम्म कमला पुलदेखि सर्लाहीको बागमती पुलसम्मको ७४.७५ किलोमिटर खण्डमा मात्र ठेक्कामा काम भइरहेको जनाइएको छ ।

केही दिनदेखिको अविरल वर्षाका कारण मधेशका जिल्लाबाट संघीय राजधानी काठमाडौँसम्म सीमित गाडी सञ्चालन भइरहेका छन् । यात्रुसमेत नरहेकाले यहाँबाट काठमाडौँसम्म आउजाउ गर्ने कतिपय सवारीसाधन थन्काएर राखिएको छ । मुस्किलले सञ्चालन भइरहेका गाडीलाई यात्रु पाउन मुस्किल छ । बर्खाको प्रभाव र यात्रु पनि नरहेकाले दुई वटा गाडी चल्ने ठाउँमा अहिले मुस्किलले एउटा मात्र गाडी सञ्चालन हुँदै आएको बताइएको छ ।

# विश्वकप विजेता बने स्पेन

टुडे समाचारदाता



जनकपुरधाम । फेरान टोरेसको निर्णायक गोलका कारण अर्जेन्टिनालाई पराजित गर्दै दोश्रो पटक स्पेनले फिफा विश्वकप-२०२६ को उपाधि जितेको छ ।

सोमबार बिहान भएको फाइनल खेलमा अर्जेन्टिनालाई १-० ले हराउँदै स्पेन १६ वर्षपछि विश्व च्याम्पियन बनेको छ ।

यस जितसंगै स्पेनले अमेरिका, मेक्सिको र क्यानडामा संयुक्त रुपमा भएको विश्वकपको २३ औं संस्करणको उपाधि हात पार्न सफल भएको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र फिफा प्रमुख जियानी इन्फान्टिनोले स्पेनका कप्तान रोड्रीलाई विश्वकप ट्रफी प्रदान गरेका थिए। स्पेनको यस जितसंगै अमेरिका, क्यानडा र मेक्सिकोमा करिब पाँच सातासम्म चलेको विश्वकपको २३ औं संस्करण सम्पन्न भएको छ। स्पेन यस अघि सन् २०१० मा विश्वकप च्याम्पियन बनेको थियो। प्रशिक्षक लुइस डी ला फुएन्टेकै प्रशिक्षकत्वमा स्पेनले तेस्रो उपाधि हात पारेको छ । उनको प्रशिक्षकत्वमा सन् २०२३ मा युइएफए नेसन्स लिग र सन् २०२४ मा युरोपियन कप जितेको थियो।

यस हारसंगै अर्जेन्टिनाको लगातार दोस्रो पटक विश्व च्याम्पियन भएर चार पटक च्याम्पियन बन्ने ब्राजिलको कीर्तिमान बराबरी गर्ने सपना पूरा भएन। यसैगरी अर्जेन्टिना चौथो पटक विश्वकप उपाधि जितबाट चुकेको छ। यसअघि अर्जेन्टिनाले सन् १९७८, १९८६ र २००२ मा उपाधि हात पारेको थियो।

स्पेनले उपाधि जितेपछि सुनको ट्रफीसंगै ५१ मिलियन अमेरिकी डलर पुरस्कारसमेत प्राप्त गरेको छ। उपविजेता अर्जेन्टिनाले ३४ मिलियन डलरमा चित्त बुझाउनु परेको छ।

# ७ सालमा पनि बनेन बसही खोला पुल

सडक डिभिजन कार्यालय जनकपुरका प्रमुख दरोगाप्रसाद साहका अनुसार पटक-पटक म्याद थप्दा पनि निर्माण व्यवसायीले अपेक्षित प्रगति नगरेपछि कारबाही प्रक्रिया अघि बढाइएको छ । सोही प्रक्रियाका कारण अहिले निर्माण कार्य रोकिएको उनले बताए ।

टुडे समाचारदाता

जनकपुरधाम । धनुषाको ढल्केबर-जटही सडकखण्ड अन्तर्गत मिथिला नगरपालिका-६ स्थित बसही खोलाको पुल निर्माण सम्पन्न हुन नसक्दा स्थानीयवासी र यात्रु सास्ती भोग्न बाध्य छन् ।



निर्माणमा भएको ढिलाइले उक्त स्थान दुर्घटनाको उच्च जोखिमयुक्त क्षेत्र बन्दै गएको छ । ढल्केबरदेखि जटहीसम्मको सडक ६ लेनमा विस्तार भइसके पनि बसही खोला पार गर्न अझै पुरानै साँघुरो पुल प्रयोग गर्न स्थानीय तथा यात्री बाध्य छन् ।

फराकिलो सडकबाट तीव्र गतिमा आएका सवारीसाधन साँघुरो पुलमा प्रवेश गर्दा चालक झुक्किने र दुर्घटना हुने क्रम बढेको स्थानीयको भनाइ छ । स्थानीय सुरेन्द्र यादव भन्छन निर्माण व्यवसायीको लापरवाहीका कारण वर्षौंदेखि पुल निर्माण अलपत्र परेको छ। सो अवधिमा उक्त क्षेत्रमा धेरै दुर्घटना भइसकेका छन् भने मानवीय क्षतिसमेत भएको उनले बताए । निर्माणस्थलमा राखिएका सामग्रीमा समेत खिया लाग्न थालेको छ।

सडक डिभिजन कार्यालय जनकपुरका अनुसार १४ करोड ८ लाख २३ हजार रुपैयाँ लागतमा नागार्जुन-हेक कन्स्ट्रक्सन जेभीसँग २०७६ असार ३१ गते निर्माण सम्झौता भएको थियो । २०७८ असार मसान्तभित्र काम सम्पन्न गर्ने लक्ष्य राखिए पनि हालसम्म करिब ४० प्रतिशत मात्रै निर्माण सम्पन्न हुन सकेको छ।

सडक डिभिजन कार्यालय जनकपुरका प्रमुख दरोगाप्रसाद साहका अनुसार पटक-पटक म्याद थप्दा पनि निर्माण व्यवसायीले अपेक्षित प्रगति नगरेपछि कारबाही प्रक्रिया अघि बढाइएको छ । सोही प्रक्रियाका कारण अहिले निर्माण कार्य रोकिएको उनले बताए।

जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाका प्रमुख प्रहरी निरीक्षक खगेन्द्रकुमार दाहालले पुरानो साँघुरो पुलका कारण दुर्घटनाको जोखिम बढेको हो । फराकिलो सडकबाट आउने सवारीसाधन एक्कासि साँघुरो पुलमा पुग्दा चालक अलमलिने गरेका छन् । जोखिम न्यूनीकरणका लागि ट्राफिक संकेत राखिए पनि चालकको असावधानीका कारण दुर्घटना रोक्न चुनौती भइरहेको उनको भनाई छ।

जनकपुरधामको धार्मिक पर्यटन तथा मधेश प्रदेशको यातायात सञ्जालका दृष्टिले महत्वपूर्ण मानिने यस सडकखण्डमा पुल निर्माण सम्पन्न नहुँदा आवागमन मात्र होइन, स्थानीय आर्थिक गतिविधिसमेत प्रभावित हुँदै आएको छ। सो स्थानमा एक दर्जनभन्दा बढी सवारी दुर्घटना भइसकेको छ।

## सवारी कारवाहीबाट एक करोड बढी राजश्व संकलन

टुडे समाचारदाता

जनकपुरधाम । गत आर्थिक वर्ष २०८२/८३ मा जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाले रु एक करोड १४ लाख नौ हजार ५०१ राजस्व संकलन गरेको छ।

प्रमुख प्रहरी निरीक्षक खगेन्द्रकुमार दाहालले आव २०८२/८३ मा ट्राफिक नियम उल्लंघन गर्नेहरुबाट १२ हजार ६०३ सवारीसाधनमाथि कारबाही गर्दा रु एक करोड १४ लाख नौ हजार ५०१ राजस्व संकलन गरिएको जनाएको छ।

आव २०८१/८२ मा २८ हजार ५३८ सवारीसाधनमाथि कारबाही गर्दा रु दुई करोड २१ लाख १० हजार ५०० राजस्व संकलन गरेको थियो। जिल्लामा आव २०८२/८३ मा भएको एक हजार ३५८ सवारी दुर्घटनामा परी ८२ जनाको मृत्यु भएको छ भने दुई हजार १९८ जना घाइते भएका छन्।

अघिल्लो आव २०८१/८२ मा धनुषामा एक हजार २२१ सवारी दुर्घटना हुँदा ८४ जनाको मृत्यु भएको थियो। पछिल्ला केही वर्षयता धनुषा जिल्लामा सवारी दुर्घटना बढे पनि दुर्घटनामा परी मृत्यु हुनेको संख्यामा कमी आएको देखिन्छ। सडकको नाजुक अवस्था, मानवीय लापर्वाही लगायतका कारण बितेका वर्षमा सवारी दुर्घटना केही बढे पनि दुर्घटनामा मृत्यु हुनेको संख्या घटेको प्रहरी निरीक्षक दाहालले बताए।

पछिल्ला वर्षमा ट्राफिक सचेतना र नियमित ट्राफिक चेकजाँचका कारण सवारी दुर्घटनामा कमी आएको प्रहरी निरीक्षक दाहालको भनाई छ।

# हरवा चरवाको १० बुँदे घोषणापत्र




टुडे समाचारदाता

जलेश्वर । मुक्त हरवा-चरवा समुदायकोप्रदेशस्तरीय दलित अधिकार सम्मेलन सम्पन्न भएको छ।

हरवा चरवाको समावेशी भूमि र वन अधिकार सुनिश्चित गर्नुपर्ने मागसहित १० बुँदे ‘ बर्दिबास घोषणापत्र-२०८३’ जारी गर्दै सम्मेलन सम्पन्न भएको हो ।

महोत्तरीको बर्दिबासमा आदिवासी जनजाति तथा स्थानीय समुदायका लागि समर्पित अनुदान संयन्त्र (डिजिएम) नेपालको सहयोग तथा राष्ट्रिय दलित नेटवर्क नेपालको आयोजनामा भएको मुक्त हरवा-चरवा लक्षित प्रदेशस्तरीय जलवायु न्यायमा आधारित दलित अधिकार सम्मेलनले घोषणापत्र सार्वजनिक गरिएको जनाइएको छ।

घोषणा पत्रमार्फत मुक्त हरवा-चरवा समुदायको वास्तविक पहिचान, प्रमाणीकरण, सामाजिक समावेशीकरण तथा जलवायु न्यायसँग सम्बन्धित अधिकार प्रभावकारी रूपमा कार्यान्वयन गर्न सरकारसँग माग गरिएको छ।

यसैगरी ‘हरवा-चरवा लगत सङ्कलन, प्रमाणीकरण तथा परिचयपत्र वितरण निर्देशिका-२०८०’ तत्काल राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउन, भूमिहीन तथा बसोबासविहीन परिवारको वैज्ञानिक पहिचान गरी व्यवस्थित बसोबासको व्यवस्था गर्न तथा मधेसका आठवटै जिल्लामा तथ्याङ्क संकलन र परिचयपत्र वितरण अभियान सञ्चालन गर्न माग गरिएको छ।

नेपालले कार्यान्वयन गरिरहेको उत्सर्जन न्यूनीकरण कार्यक्रम तथा लाभ बाँडफाँट योजनामा मुक्त हरवा-चरवा समुदायको समानुपातिक सहभागिता सुनिश्चित गर्नुपर्ने उल्लेख छ। साथै वनमा आधारित लाभ वितरणलाई पारदर्शी बनाउन तथा सामुदायिक वन व्यवस्थापनमा समुदायको प्रतिनिधित्व बढाउनुपर्ने माग घोषणापत्रमा गरिएको छ । सो घोषणापत्रमा नागरिकता, शिक्षा, स्वास्थ्य बिमा, सामाजिक सुरक्षा तथा सम्मानजनक रोजगारीका लागि छुट्टै बजेट व्यवस्था गर्न, साहुको चर्को ब्याजबाट समुदायलाई मुक्त गराउन कानुनी व्यवस्था प्रभावकारी बनाउन तथा सहकारी र कृषि व्यवसायमार्फत आयआर्जनका अवसर विस्तार गर्नुपर्ने विषय पनि समावेश गरिएको छ।

हरवा-चरवा महिलाको नीति निर्माण, अनुगमन समिति तथा निर्णय प्रक्रियामा कम्तीमा ५० प्रतिशत सहभागिता सुनिश्चित गर्नुपर्ने तथा बाढी, डुबान र खडेरीजस्ता जलवायुजन्य विपदबाट प्रभावित बस्तीलाई स्थानीय अनुकूलन योजना र विपद् व्यवस्थापन कार्यक्रममा प्राथमिकता दिनुपर्ने भनिएको छ।

घोषणापत्रमा मधेश प्रदेश सरकारको आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा उल्लेखित प्रतिबद्धता र घोषणापत्रका माग कार्यान्वयनको नियमित समीक्षा गर्न प्रदेश सरकार, सम्बन्धित मन्त्रालय र समुदायका प्रतिनिधि सम्मिलित संयुक्त अनुगमन संयन्त्र गठन गर्नुपर्ने प्रस्ताव समेत उल्लेख गरिएको छ।

नेपाल सरकारले २०७९ साउन २ गते हरवा-चरवा मुक्तिको घोषणा गरे पनि अधिकांश परिवार अझै भूमिहीन, नागरिकताविहीन तथा आधारभूत सेवाबाट वञ्चित रहेको भन्दै सम्मेलनलेघोषणापत्रमार्फतमुक्तिको घोषणा व्यवहारमा कार्यान्वयन गर्न सरकारलाई ध्यानाकर्षण समेत गराएको छ । अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आइएलओ) ले सन् २०१३ मा गरेको अध्ययन अनुसार मधेस प्रदेशका आठ जिल्लामा एक लाखभन्दा बढी हरवा-चरवा रहेको अनुमान गरिएको छ।

सो सम्मेलनमा मधेश प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री श्यामप्रसाद पटेल, प्रतिनिधिसभा सदस्य गणेशबहादुर विश्वकर्मा, आठवटै जिल्लाका हरवा-चरवा समुदायका प्रतिनिधि, मानवअधिकारकर्मी, नीति विज्ञ, नागरिक समाजका प्रतिनिधि तथा सञ्चारकर्मीको सहभागिता रहेको थियो।

# सांसद कानुद्वारा डुबान क्षेत्रको निरीक्षण

टुडे समाचारदाता

वीरगञ्ज । वर्षाको पानीले वीरगञ्ज महानगरका ५ वडाको तीन सय बिघाभन्दा बढी खेतीयोग्य जमिन डुबानमा परेको छ । वीरगञ्ज महानगरका वडा नम्बर १७, २४ २६, २८ र २० का खेतीयोग्य जमिन डुबेको हो।



प्रतिनिधि सभाका सांसद सुशीलसाह कानुले डुबान क्षेत्रको स्थलगन निरिक्षण गरेका छन । रोपाईका तैयारी गरिए पनि बिउ र खेत डुबानमा परेपछि किसानले रोपाइ गर्न नसकिएको बाध्यता व्यक्त गर्दै सांसद कानु समक्ष बहाव रोकिएको कारण डुबानमा परेका बताउदै पिडित स्थानियले निकासको लागी अबिलम्ब पहल गर्न अनुरोध गरे ।

पूर्व गाविस अध्यक्ष एवम वीरगञ्ज महानगर- २४ का किसान रामाशंकर द्विवदीले जथाभावी प्लटिगं र जमिन भन्दा माथि सडक विभागले नाला निर्माण गरेको कारण खेतीयोग्य जमिन डुबानमा परेका गुनासो पोखे । स्थानीय पीडितहरुले डुबानको कारण आफुहरु बाली लगाउन नपाएको दुखेसो व्यक्त गर्दै सांसद कानुसंग भने, “वर्षात्देखि खेतीयोग्य जमिनमा पानी जमेको जम्यै छ, पानी जमेकै कारणले धान राप्न नसकिने अवस्था छ । डुबानले गहुँखेती गर्न पाएका छैनौ”, स्थानियले भने । ।डुबान क्षेत्रको अवस्थाको बारेमा सरकारका सरोकारवाला मन्त्रालयमा पहल गर्नुका साथै स्थानीय प्रशासन तथा स्थानिय जनप्रतिनिधिहरुसंग छलफल गर्दै अबिलम्ब निकासको लागी छिटै पहल गर्ने प्रतिवद्धता समेत सांसद कानुले व्यक्त गरेका छन।

“डुबानको समस्या लिएर धेरै निकाय धाइसक्यो । तर, हाम्रो समस्या भने जस्ताको तस्तै छ, कम्तीमा वर्षायाममा पनि डुबान समस्या अन्त्य गरिदिए हुन्थ्यो”, उनले बताए। उनको जस्तै समस्या वीरगञ्ज महानगर-२४ बहुअरीका किसान राधेश्याम द्विवेदीले पनि भोग्दै आएका पिडा बताए।

वर्षायाममा परेको पानीको उचित निकास नहुँदा २१ कट्ठा खेतमा लगाएको गर्मिधान जसोतसो काट्न ठुलो लगानि गर्नु परेको उनले गुनासो पोखे । पछिल्लो समय परवानीपुर-एकीकृत जाँचचौकी छ लेनको सडक, हुलाकी राजमार्ग, अलौं अठराहा सडक, एकीकृत जाँचचौकी र सुक्खा बन्दरगाहलगायत संरचना निर्माणभएसँगै जथाभाबी प्लटिगले प्राकृतिक पानीको बहाव रोकिएपछि डुबानको समस्या बढदै गएको हो।

विगतमा नारायणी सिचाइले निर्माण गरेको क्यानल र अलौंबाट पानीको निकास हुँदै आइरहेको थियो। तर, विभिन्न खालका व्यक्तिगत पूर्वाधार संरचना निर्माण भएपछि प्राकृतिक रूपले पानीको बहाव रोकिएपछि किसानको खेत तथा घरमा डुबानको समस्या परेको हो।

वीरगञ्ज महानगर-२४ बहुअरीका अनिल तिवारीले खेतीयोग्य जमिन मात्र नभएर पाँचवटै वडावासीको सयौ घर र गोठमा पानी जम्ने समस्या रहेको बताए । “पाँचवटै वडाका विभिन्न घर डुबानमा परेका छन”, उनले भने, “तीन-चार फिट जमेको पानीमा हिँडेर घर जानुपर्ने समस्याबाट स्थानीय गुज्रिँदै आइरहेका छन् ।” महानगर-२६ मा २०, वडा नं २४ मा ३५ घर र वडा नं २५ मा एक दर्जनभन्दा बढी घर डुबानमा परेको बताइएको छ।

वीरगञ्ज महानगर-२४ का वडाध्यक्ष बिजय पटेलले सडक सुख्खा बन्दरगाह लगायत पूर्वाधार निर्माणले प्राकृतिक रूपमा पानीको निकास बन्द हुँदा डुबानको समस्या भएको बताए। वीरगञ्ज महानगरले गत कात्तिकमा खेतीयोग्य जमिनमा डुबानको समस्या देखिएपछि अलौंबाट शिवजी मिलसम्म तीन फिट गहिरो नाली खनेको थियो । तर, स्थानीयवासीले अस्थायी नाली पुरिदिएसँगै सो समस्या यथावत् नै रहेको बताए।

पर्साका तत्कालिन प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले वीरगञ्ज महानगरको विभिन्न चार वडामा देखिएको डुबानको समस्या समाधान गर्न तीन तहका सरकारसँग समन्वय पहल गरेपनि खासै उपलब्धि हुन नसकेको बताइन्छ।

स्वच्छ शहर: स्वस्थ्य शहर

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपन गरौं,
- सार्वजनिकस्थलका बोट-विरुवा तथा फलफुलको संरक्षण गरौं,
- ध्वनि र वायु प्रदुषन कम गरौं,
- सडकको समय-समयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं ।

शहरलाई सफा राखौं: सुन्दर बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

यो घर अफिस तथा निवास प्रयोजनको लागि

भाडामा खाली छ।

४ तल्ले आकर्षक घर

तुरुन्त सम्पर्क गर्नुहोस्!


आधुनिक सुविधा सहित आकर्षक घर

सबै तल्लामा सुविधाहरु

- ३ वटा बेडरुम
- २ वटा बाथरुम
- ठुलो किचेन
- स्पेसियस लिभिङ्ग रुम
- भेन्टिलेसन युक्त र उज्यालो कोठाहरु

सम्पर्क नं. ९७४७६९९४४१, ९८१२११५८६५

स्थान: जनकपुरधाम-२, किशोरी नगर (मदर टेरेसा बोर्डिङ स्कूल नजिक)



मधेश कृषि विश्वविद्यालय
राजविराज न.पा.-३, सप्तरी

कृषि स्नातक (B.Sc. Ag. Hons) तहको प्रवेश परिक्षाको Online आवेदन फाराम भर्ने सम्बन्धी

सूचना

शैक्षिक सत्र २०८३/०८४ का लागि कृषि संकायमा कृषि स्नातक तह (B.Sc. Ag. Hons) तहमा अध्ययन गर्न आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका ईच्छुक विद्यार्थीहरुबाट मिति २०८३/०३/३२ गते देखि मितिच २०८३/०४/२९ गतेसम्म विश्वविद्यालयको वेबसाईट http://entrance.mau.edu.np मा गई Online आवेदन फारम भर्नको लागि यो सूचना प्रकाशन गरिएको छ।



जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८